**बैठक संख्या २/१४०**

आज मिति २०७९ माघ १७ गते मंगलबारका दिन सूर्यविनायक नगरपालिकाको १४० औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | कार्यपालिका सदस्य | |
| १५ | कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १६ | शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १७ | सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | कार्यपालिका सदस्य | |
| १९ | सुमन परियार | कार्यपालिका सदस्य | |
| २० | प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २१ | सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| | राजेन्द्र प्रसाद नेपाल आमन्त्रित | प्रशासन शाखा प्रमुख | |
| | अनिरुद्र नेपाल आमन्त्रित | राजस्व परिचालन शाखा प्रमुख | |
| | सर्वदा पण्डित आमन्त्रित | लेखा अधिकृत | |

**मिति २०७९ माघ १७ गते नगर कार्यपालिका (१४०औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:**

१. नगरसभाको १३ औं अधिवेशन सम्बन्धमा ।

२. त्रिवेणी खोला पुल निर्माण उपभोक्ता समितिलाई निकासा दिइएको रकम फिर्ता सम्बन्धमा

३. विविध

**छलफल तथा निर्णयहरु**

**निर्णय नं १**

मिति २०७९ माघ १८ गतेबाट शुरुहुने नगरसभाको १३ औं अधिवेशनमा वडाहरुको तर्फबाट पेश गरिने प्रतिवेदन सम्बन्धमा बैठकमा छलफल गरी प्राप्त सुझावहरुको आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिई नगरसभाका बैठकमा पेश गर्ने व्यवस्थाका मिलाउने निर्णय गरियो ।

**निर्णय नं २**

सूर्यविनायक नगरपालिका अन्तर्गतका विभिन्न विषयगत समितिहरुको कार्यक्षेत्र भित्रपर्ने शाखाहरुलाई समेटेर तयार पारिएको चालू आ.व.को २०७९ पौष मसान्तसम्मको कार्य प्रगति प्रतिवेदन र समिति सम्वध निर्णय गर्नुपर्ने प्रस्तावहरुको सम्बन्धमा छलफल हुदां प्राप्त सुझावहरुको आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिई नगरसभाका बैठकमा पेश गर्ने व्यवस्थाका मिलाउने निर्णय गरियो ।

**निर्णय नं ३**

सूर्यविनायक नगरपालिकाको आ.व.२०७९।८० को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र राजस्वका केही दरहरुमा संसोधन गर्नुपर्ने देखिएकोले सो सम्बन्धमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं नगर उपप्रमुख श्री सरिता तिमसिना भट्टराईबाट नगरसभाको बैठकमा पेश हुने बजेट र राजस्वका दरहरु समायोजन गर्ने सम्बन्धी प्रस्ताव माथि छलफल गरी नगरसभाको बैठकमा पेश गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

यस नगरपालिकाको नगरसभाको ११औं अधिवेशनबाट त्रिवेणी खोलामा निर्माण हुने वडा नं. ४ र ७ जोड्ने पक्की पुल निर्माणको लागि त्रिवेणी खोला पुल निर्माण उपभोक्ता समितिलाई जिम्मेवारी दिने निर्णय बमोजिम योजना शाखाबाट मिति २०७८।१०।२५ मा योजना सम्झौता भई कायदिश दिइएको र उक्त समितिको NIC ASIA Bank Limited सूर्यविनायक शाखामा रहेको खाता नं. ००८४१५००६४३२९००२ मा रु. पच्चीस लाख निकासा दिई समितिले कार्य शुभारम्भ गरी पहिलो किस्ताको लागि रकम माग नगर्दा सम्मको लागि उक्त रकम झिक्न नपाउने गरी नगरपालिकाको च.नं. २५९१ मिति २०७८।११।१० को पत्रबाट NIC ASIA Bank Limited सूर्यविनायक शाखालाई बैंक खाता रोक्काको लागि पत्राचार समेत गरिएको। तर उक्त उपभोक्ता समितिले हाल सम्म पनि काम शुरु नगरेको र अब पनि शुरु गर्ने अवस्था विद्यमान नदेखिएको

हुँदा नगरपालिकाको खाताबाट उक्त उपभोक्ता समितिको खातामा पठाइएको सम्पूर्ण रकम र सोको व्याज पाउने भए सो समेत नगरपालिकाको खाता नं. ००८२०५००४२१२०००३ मा फिर्ता गरिदिन NIC ASIA Bank Limited सूर्यविनायक शाखालाई तुरुन्त पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

नगरक्षेत्रभित्र पुल निर्माणको लागि तयार भएको लागत अनुमान र महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षणको क्रममा दिइएको सुझावलाई मनन गरी अब उप्रान्त निर्माण हुने सबै पक्की पुलहरु ठेक्का प्रक्रिया मार्फत् निर्माण सम्पन्न गर्ने निर्णय गरियो।